का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ पुस २०८२

शनिबार

20 December 2025

Saturday

नेपाल संवत् ११४६

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३१० । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

कभर स्टोरी

# देश जोड्ने खेल–खेलाडी

आमनिराशा र अन्योलपूर्ण अवस्थामा खेलकुदले जहिल्यै आशा र एकताको उज्यालो देखाउँदै आएको छ। क्रिकेट, फुटबल, मार्सल आर्ट होस् वा म्याराथन, खेलाडीले जात, भाषा र भूगोलभन्दा माथि उठेर नेपाली साझा पहिचान निर्माण गरिरहेका छन्। खेलमैदान निष्पक्षता, अनुशासन र समावेशिताको प्रतीक बनेको छ। यही कारण खेलकुद देश जोड्ने सेतु बनेको छ।

■ टीएस ठकुरी र दिवाकर अधिकारी/मध्यान्ह




»» विस्तृत पृष्ठ २, ३ र ५ मा

वैदेशिक रोजगार विशेष

## स्वास्थ्य परीक्षणको शुल्क वृद्धि मन्त्रालयद्वारा खारेज

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्क बढाउने गत कात्तिक ३० गतेको निर्णय खारेज गरेको छ। मन्त्रालयले प्रधानमन्त्री सुशीला कार्कीको सहमतिमा भन्दै गत कात्तिक ३० गते वैदेशिक रोजगारमा जाने नेपाली कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूले लिने परीक्षण शुल्क ९ हजार ५ सय रुपैयाँ निर्धारण गरेको थियो।

मन्त्रालयले शुक्रबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतका विभिन्न संस्थाहरूबाट सो शुल्क वृद्धि महँगो भएको भनेर गुनासो आएकाले हाललाई उक्त वृद्धि शुल्क खारेज गरेको बताएको छ।

मन्त्रालयको सूचनामा ९ हजार ५ सय रुपैयाँ शुल्क निर्धारण गरिएको २०८१ चैत ८ को निर्णय र सो निर्णयबमोजिम वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ मा भएको सातौं संशोधित व्यवस्था, उक्त निर्णयबमोजिम २०८२ कात्तिक ३० मा भएको प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरबाट भएको निर्णय मिति २०८२ पुस ४ गतेको मन्त्रीस्तरको निर्णयानुसार खारेज गरिएको उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ, 'तसर्थ, वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परीक्षण र परीक्षण शुल्क साबिक बमोजिम नै हुने गरी कार्यान्वयन गर्नु/गराउनु हुन सम्बद्ध सबैमा »» पृष्ठ ५ मा

### पैसा जोगाउन महिला कामदार घर फर्किंदैनन्

**काठमाडौं/रासस–** सुनसरी, रामदुनी झुम्का-१ सकुन्तला अधिकारीका दुई छोराछोरी पाँच कक्षामा पढ्दै थिए। श्रीमान्को कमाइ थिएन। हुर्किंदै गरेका सन्तानको भविष्य बनाउने सपनासहित उनी बाध्य भएर बिदेसिनुपर्ने अवस्था आयो। म्यानपावरमार्फत कुवेत पुगेकी अधिकारीसँग गृहिणीका रूपमा घरायसी काम र खाना पकाउनेबाहेक अन्य अनुभव थिएन। के कामका लागि विदेश जाँदै छु भन्नेसमेत थाहा नपाइ उनी विदेश गइन्। बदलामा दुई वर्षसम्म निकै सास्ती खेप्नुपर्‍यो, ऋणधन गरेर गएकी अधिकारीलाई रित्तो हात घर फर्किने सुविधा थिएन।

पछि जसोतसो साथीभाइको सहायतामा उनले अरबीको घरमा घरेलु कामदारका रूपमा काम पाइन्। »» पृष्ठ ५ मा

## नो बुक, नो होमवर्क

### फेरिँदै काठमाडौं महानगरको शिक्षणशैली



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ४ पुस

रामशाह पथस्थित पद्मोदय माध्यमिक विद्यालय पुग्दा छात्रछात्र विद्युतीय तारबाट बत्ती बाल्ने काम गरिरहेका थिए। कोही यसबाट उनीहरूले सामान्य वायरिङसम्बन्धी व्यावहारिक ज्ञान दिइरहेका थिए भने कोही ब्युटिसियनसम्बन्धी सिप सिक्दै थिए। केही विद्यार्थी चित्र कोर्न मस्त थिए। त्यति मात्र होइन कोही आफ्नो रुचिअनुसार गीत गाउन सिक्दै थिए भने कोही फुटबल, क्रिकेटलगायतका खेलमा रमाइरहेका थिए।

तिनै विद्यार्थीको बिचमा इलेक्ट्रिकसम्बन्धी काम सिकिरहेका छन्- दीपेन्द्र यादव। कक्षा ९ मा अध्यनरत यादव एसइईपछि भने आइटी पढ्ने योजनामा छन्। 'मैले इलेक्ट्रिसिटीसम्बन्धी सिप विद्यालयमा सिक्दै छु, बत्तीका स्विच बनाउन जानेको छु। सामान्य विद्युतका काम घरमा पनि गर्छु,' यादवले भने।

त्यति मात्रै होइन उनी टोलमा कसैको घरमा विद्युत्सम्बन्धी समस्या आयो भने मर्मत गरिदिन्छन्। 'विद्यालयमा सिप सिक्न पाउँदा खुसी लाग्यो,' उनी भन्छन्, 'विद्यालयमा सिकेको सिप घरमा-टोलमा पनि काम लागेको छ।'

कक्षा ७ मा अध्ययनरत अर्का विद्यार्थी विक्कीकुमार राम भने चित्र कोर्न मस्त थिए। उनलाई चित्र कोर्न मन पर्छ। प्रत्येक शुक्रबार उनको चित्र कोरेर नै बित्छ। 'अन्य दिन विद्यालयकै गहृकार्य पढाइमा समय बित्छ,' उनले भने, 'शुक्रबार आफूले चाहेको विषयमा चित्र कोर्न सयम पाउँछु।' शुक्रबार पनि उनले आफूले कोरेका चित्र विद्यालयका शिक्षकलाई देखाउँदै थिए।

विद्यालयमा ३०/३० वटा विद्यार्थीहरूको समूह बनाएर उनीहरूको »» पृष्ठ ५ मा



कभर स्टोरी

# देश जोड्ने खेल–खेलाडी

नेल्सन मन्डेलाले भनेका थिए, 'खेलकुदसँग संसार बदल्ने शक्ति हुन्छ। यसले प्रेरणा दिन्छ, आशा जगाउँछ, मान्छेलाई एकतामा बाँध्छ। दक्षिण अफ्रिकामा रंगभेदको घाउ निको पार्न संसारकै लोकप्रियमध्येको खेल रग्वीको भूमिका गर्विलो पाठ बनेको छ।

जेनजी विद्रोह (२३-२४ भदौ)पछि नेपालमा अन्योल, अस्थिरता र निराशा फैलाएका बेला मंसिर पहिलो साता सुरु भई करिब तीन सातासम्म कीर्तिपुर मैदानमा क्रिकेट उत्सव चल्यो। एनपिएलको दोस्रो संस्करणको भव्य आयोजनाले आम नेपालीमा उही लयकै आशा र उत्साह फर्काइदियो। यसले आमनेपालीमा आशाको नयाँ दियो बालिदियो।

नेपाल क्रिकेट संघको महत्वाकांक्षी कार्यक्रम नेपाल प्रिमियर लिग सिजन २ सिंगो नेपाली समाजलाई जोड्ने माध्यम बन्नुको पुष्ट्याइँ कीर्तिपुर मैदानले गरिदियो। लुम्बिनी र सुदूरपश्चिमको अन्तिम स्पर्धामा लुम्बिनीले बाजी मार्‍यो। त्यसक्रममा आआफ्नो टिमको समर्थनमा पनि एकताबद्ध हुने लहर चल्यो। आआफ्ना टिमका लागि एकताबद्ध हुनु भनेकै समाज एकता हुनु हो। आफ्ना आस्था र विचार बिर्सिएर खेलको एउटा टिमको पक्षमा उभिनु सामान्य कुरा होइन। खेलकुदको सामर्थ्य भनेकै यही हो।

'आठ टिममध्ये एकले जित्छ, सातले हार्छ भन्ने बुझ्नुपर्छ। खेलकुद हो, प्रोसेस फलो गर्नुपर्छ, राम्रो गर्ने प्रयास गरिरहनुपर्छ, सबैले बुझ्न जरुरी छ,' रोहित पौडेलले एउटा पडकास्टमा भनेका छन् -'सोच सकारात्मक राख्नुपर्छ, नतिजा आउँछ।'

नेपालमा सर्वाधिक आशा जगाएको खेलमध्ये क्रिकेट पनि हो। राष्ट्रिय टिमको संरचनागत बनोट पनि निकै लोभलाग्दो छ। रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, आरिफ शेष, भीम सार्की, सन्दीप जोरा, सोमपाल कामी, देव खनाल, गुल्सन झा, विवेक यादव, बसिर अहमद, अनिलकुमार साह, ललित राजवंशी, सूर्य तामाङ, आकाश चन्द, पवन सर्राफ, कुशल मल्ल जनजिब्रोमा झुन्डिएका नाम हुन्। यी नामले नै समग्र देश बोकेको आभास दिलाउँछ।

प्रतिभा, निष्पक्षता र क्षमता देखाउने थलो पनि खेल मैदान नै हो। आफ्ना गल्ती कमजोरी आत्मसात् गर्दै सच्याउन सिकाउने पाठशाला पनि खेलकुद हो। नेपाली क्रिकेट टिममा पौडेल, सार्की, शेष, कामी, झा, यादव, राजवंशी, सर्राफ, मल्ल, तामाङ पुग्नुमा उनीहरूका अरू कुनै कारण छैन, उनीहरूका क्षमता र प्रतिभाले नै त्यहाँ पुर्‍याएको हो। तसर्थ भनिन्छ, खेलकुद निष्पक्षताको प्रतीक हो। नेपाली क्रिकेट टिममा सिंगो देशको समिश्रण देखिनुको कारण पनि यही हो। बहुल जात, बहुभाषिक र बहुधार्मिक नेपाली समाजलाई एकढिक्का बनेको सन्देश यो टिमले दिइरहेको छ।

क्रिकेटमै महिला टिमले पनि देश जोडेको पुष्टि गर्छ। सुरुवाती चरणको दुई दशकमै नेपाली महिला क्रिकेटले महिला सशक्तीकरणको सवालदेखि देश जोड्ने विषयमा आफूलाई अब्बल मात्र देखाएन, सम्भावनाका बाटो पनि देखायो।

एक समय नेपालको राष्टिय क्रिकेट टिममा पूर्वकी रुबिना क्षेत्री, मध्यकी निरा राजोपाध्याय, मध्यपश्चिमकी नेरी थापा मगर र सुदूरपश्चिमकी रितु कनोजिया सँगै खेले। समयान्तरमा उनीहरू चारै जनाले नेपालको नेतृत्व गर्ने अवसर पनि प्राप्त गरे। सम्भवतः सीमित स्रोतसाधन, सेवा र सुविधाबीच पहिलो पुस्ताको महिला क्रिकेटले नेपाली खेलकुद इतिहासमा स्वर्णिम अक्षरले नाम लेखाउन सफल भयो। कालान्तरसम्म योगदान देखिइनेगरी पहिलो पुस्ताले भूमिका निर्वाह गर्न सफल भयो। अहिले पनि नेपाली क्रिकेट टिमलाई इन्दु बर्मा र पूजा महतोले अघि बढाइरहेका छन्, कप्तान र उपकप्तानका रूपमा। इन्दु र पूजा दुवै मधेस प्रदेशबाट प्रतिनिधित्व गर्छन्। त्यसअर्थमा पनि यो महिला सशक्तीकरणको अर्को उदाहरण हो।

मैदानमा उत्रिँदा कोही हिमाल पहाडबाट आएको हुन्छ, कोही तराईबाट। कोही सहरमा हुर्किएका छन् त कोही गाउँमा। तर खेल सुरु हुनेबित्तिकै सबै चिनारी हराउँछन्। त्यहाँ बाँकी रहन्छ टिम, नियम, लक्ष्य र देश। यही नै खेलकुदको ठुलो विशेषता हो। जहाँ राजनीति, विचारधारा र विभाजन असफल हुन्छन्, खेलकुदले त्यहीबाट एकताको पुल बनाउँछ। 'साम्बाले युरोपियन लिग खेलिरहँदा विश्वले नेपाल चिन्छ। सायद देश जोड्ने भनेकै यही हो,' वर्ल्ड एथ्लेटिक्स लेवल टु लेक्चरर एवं मध्य तथा लामो दूरीका वरिष्ठ प्रशिक्षक सुशील नरसिंह राणा भन्छन्, 'खेलाडीसँग जति देश जोड्ने सामर्थ्य अरू कसैसँग हुँदैन।'

'विश्व मञ्चमा देशको प्रतिनिधित्व गर्ने र देश चिनाउने, कल्चर देखाउने, आपसी भाइचारा बढाउने भएकाले खेलकुद हरेक देशको प्राथमिकतामा पर्ने गरेको हो,' नेपाल ओलम्पियन संघका अध्यक्ष दीपक विष्ट भन्छन्, 'समाजलाई एकताबद्ध गराउने सिप र कला खेलकुदमा जस्तो अन्यत्र छैन तसर्थ ओलम्पिकजस्तो शक्तिशाली साझा मञ्च संसारमा अर्को छैन।'

सुदूरपश्चिममा जन्मिएका दीपक दक्षिण एसियाली खेलकुद(साग)मा चारपटक स्वर्णपदक, एसियाली खेलकुदमा दुईपटक कांस्यपदक जित्ने र ओलम्पिकमा छनोट चरण पार गरेर भाग लिने दोस्रो नेपाली खेलाडी हुन्।

खेलकुद त्यही शक्ति हो, जसले भाषा, जात, भूगोल र विचारको भिन्नतालाई पन्छाएर मानिसलाई एउटै भावनामा बाँध्छ। अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाले भनेका थिए, 'खेलकुदले हामीलाई फरकफरक पृष्ठभूमिबाट आए पनि एउटै टिममा उभिन सिकाउँछ।'

आजको विश्वमा खेलकुदले देश जोड्छ भन्ने वाक्यांश कुनै नारा मात्र नभई, यो व्यवहारमा पुष्टि भइसकेको तथ्य हो। साम्बा, अन्जिला, प्रीति, रेखा सबैले विदेशी भूमिमा नेपालको नाम चिनाइरहेका छन्। इन्डोनेसियामा लामो समय व्यावसायिक फुटबल खेलेका रोहित चन्दको नाम त्यहाँ गर्वसँग लिइँदा नेपालीको शीर उँचो हुने हो। शक्ति गौचनको नाम आइपिएलजस्तो वर्ल्ड क्लास इभेन्टसँग जोडिँदा मात्र पनि सिंगो नेपाली समाज गौरवान्वित हुने अवस्था थियो। पछिल्लो समय सन्दीप लामिछाने विश्व मञ्चमा छाउँदा यस्तै अनुभूति भयो।

नेपाली खेलकुदमा गोल्डेन गर्लका नामले चिनिने सन्तोषी श्रेष्ठले भर्खरै विश्वको प्रतिष्ठित भ्यालेन्सिया म्याराथनमा पुगेर राष्ट्रिय कीर्तिमान बनाइन्। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले भ्यालेन्सियामा नौवटा राष्ट्रिय कीर्तिमान बन्दा सन्तोषी श्रेष्ठ नेपाल भनेर उल्लेख गरेका थिए। 'समाजलाई एकताबद्ध बनाउने सवालमा म्याराथन अझ प्रभावकारी बन्दै गएको छ। सन्तोषीले वर्ल्ड क्लास म्याराथनमा दौडिरहेका बेला नेपाल देखिन्छ, यो नै गर्वको विषय हो,' वरिष्ठ खेलकर्मी रघु वन्त भन्छन्, 'रोड रेसको प्रवर्धन गर्न सकियो भने समाज एकढिक्का भइहाल्छ।'

बिहानी दौड आममान्छेको दैनिकीको पर्याय हो। हरेक बिहानी सामूहिक दौडबाट सुरुवात हुने भएकाले एकता, सद्भाव र भाइचारा यसले समग्र समाजलाई सिकाउँछ। त्यसैले सबै उमेर समूह, लिंग, हरेक जात र धर्म, पेसा र व्यवसाय, सबैले एकैपटक एउटै भूमिकामा रहनसक्ने विधा भनेकै म्याराथन हो। सचेत र सभ्य समाजको पर्याय म्याराथन हो।

नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसाम्प्रदायिक तथा भौगोलिक रूपमै विविधता भएको देशका लागि खेलकुद केवल मनोरञ्जन होइन, यो राष्ट्रिय एकताको माध्यम हो। जब राष्टिय टिम खेल्छ, जब म्याराथनको स्टार्ट लाइनमा हजारौं धावक उभिन्छन्, सिंगो समाज एकताको सूत्रमा बाँधिन्छ। खेलकुदले मानिसलाई मबाट हामीतर्फ लैजान्छ। विशेषगरी दौडले यो भावना झन् प्रस्ट पार्छ। दौडमा न जात सोधिन्छ न त पद। म्याराथनमा अन्तर्राष्ट्रिय धावक र विद्यार्थी, स्थानीय किसान र वरिष्ठ नागरिक सँगसँगै दौडिरहेका हुन्छन्। यही दृश्यले देखाउँछ, देश जोडिन सजिलो छ, यदि माध्यम सही छ भने। हरेक सहरलाई दौडाउन सकियो भने समाज एकताबद्ध हुँदै जानेछ। नेपालगन्ज म्याराथन, काठमाडौं म्याराथन, पोखरा म्याराथन, काठमाडौं २५के हेरिटेज रेसलगायतले सहरलाई जगाउन खोजिरहेका छन्। ओलम्पिक, विश्वकप, सिटी म्याराथनलगायत सबैले राष्ट्रहरूलाई प्रतिस्पर्धासँगै सम्मान र मित्रतामा बाँधेका छन्।

नेपालमा पछिल्ला वर्षहरूमा बढ्दो म्याराथन संस्कृतिले खेलकुदलाई अभियानका रूपमा अगाडि बढाइरहेका छन्। यी इभेन्टहरू केवल पदक वितरणका कार्यक्रम होइनन्, यी त स्वास्थ्य, पर्यटन, युवाशक्ति, महिला सहभागिता र राष्ट्रिय पहिचानसँग जोडिएका अभियान हुन्। 'एउटा म्याराथनले स्थानीय अर्थतन्त्र चलायमान बनाउँछ, सहर चिनाउँछ, देशको सकारात्मक कथा विश्वमा पुर्‍याउँछ,' नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलिया भन्छन्, 'खेलकुदको अर्को ठुलो शक्ति भनेको युवालाई सकारात्मक दिशामा डोर्‍याउनु हो। जब युवाले खेलमार्फत अवसर देख्छन्, उनीहरू हिंसा, नशा र निराशाबाट टाढा रहन्छन्।' खेलकुदले अनुशासन सिकाउँछ, हार स्वीकार्न र जितलाई नम्रतासाथ आत्मसात् गर्न सिकाउँछ। यही गुण मिलेर जिम्मेवार नागरिक तयार हुन्छन्। र जिम्मेवार नागरिकले नै देश जोड्छन्।

महिला सहभागिताको सवालमा पनि खेलकुद परिवर्तनको माध्यम बनेको छ। दौडिरहेका महिला धावकहरू केवल रेस जितिरहेका हुँदैनन्, उनीहरू सामाजिक सोच तोडिरहेका हुन्छन्। जब छोरीहरूले खेलकुदमार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा देशको प्रतिनिधित्व गर्छन्, त्यो क्षण देश अझ बलियो बन्छ।

'म तेक्वान्दोतर्फ आकर्षित नहुँदो हुँ त अहिले चुलो चौका र घाँस दाउरामै हुन्थें' तेक्वान्दो क्विन संगीना वैद्यले भनेकी छन्, 'तेक्वान्दोले मलाई आत्मबल दियो, पहिचान दियो, सबल बनाइदियो।' संगीना छनोट चरण पूरा गरेर ओलम्पिक जाने पहिलो नेपाली खेलाडी हुन् भने दक्षिण एसियाबाट पहिलो तेक्वान्दो खेलाडी हुन्। संगीनाजस्तै कथा छ, पलेसा गोवर्धनको। पलेसाको एउटा हात सग्लो छैन। बुबाआमाले दुई छोरीमध्ये पलेसाकै बढी चिन्ता गर्थे। विकलांग छोरीको करिअर र जीवनबारे उनीहरू चिन्तित थिए। जब पलेसा तेक्वान्दोमा प्रवेश गरिन्। उनी आत्मविश्वासको सिढी चढ्दै गइन्। अन्ततः ओलम्पिकमा नेपालले पहिलोपटक पदक लेखायो पलेसामार्फत। पेरिस ओलम्पिकमा पारातर्फ कांस्यपदक नेपालको पहिलो अफिसियल ठुलो पदक हो। यसले पलेसालाई सिंगो नेपालकै छोरी बनाइदियो। पढाइमा पनि उत्तिकै अब्बल पलेसा यतिबेला छोरीहरूका लागि रोलमोडल हुन्। अनि करातेकी एरिका गुरुङ नेपाली महिलाहरू माझ अर्को लोभलाग्दो नाम हो। हाङ्झाव एसियाड (२०२२ चीन)मा नेपालका लागि पदक शून्यजस्तो भई निराशा छाइरहेका बेला एरिकाले रजत पदक जितेर देखाइन्। बैंकक एसियाड (१९९८ थाइल्यान्ड)मा तेक्वान्दोकी सबिता राजभण्डारीपछि करिब अढाइ दशकको यात्रामा जितेको सर्वाधिक ठुलो एकल पदक एरिकाकै हो। वास्तविक नेपाली गोल्डेन गर्ल बन्ने लाइनमा एरिका छिन्। अध्ययन, खेलकला र वाककलामा पोख्त २१ वर्षीया एरिका देशविदेशका प्रतियोगितामा बिरलै स्वर्णपदक छुनबाट वञ्चित हुन्छिन्। एरिका र स्वर्णपदक आपसमा पर्यायवाची बन्न थालेको छ। पलेसा, एरिका, साम्बा, इन्दु आमनेपालीले गौरव गर्नलायक खेलाडी हुन्। यिनीहरूलाई त्यो गर्विलो पहिचान खेलकुदले नै दिएको हो। किनकि खेलकुदले युवालाई अनुशासन सिकाउँछ, समाजलाई आशा दिन्छ र राष्ट्रलाई गर्व दिन्छ। यही कारण खेलकुदमा लगानी गर्नु भनेको केवल खेलाडी उत्पादन गर्नु होइन, एकीकृत राष्ट्र निर्माण गर्नु हो।

खेलकुदले देश जोड्नुको अर्थ केवल भौगोलिक एकता होइन, यो त भावनात्मक, सांस्कृतिक र मानवीय एकता हो। एउटै खेलमा रमाउँदा, एउटै टोलीका लागि ताली बजाउँदा, एउटै लक्ष्यका लागि दौडिँदा, हामी फरकफरक भएर पनि एउटै हुन सक्छौं भन्ने अनुभूति जागृत हुन्छ।

अब आवश्यक छ, खेलकुदलाई प्राथमिकतामा राख्ने नीति, दीर्घकालीन सोच र सामूहिक प्रतिबद्धता। विद्यालयदेखि समुदायसम्म, स्थानीयदेखि अन्तर्राष्ट्रियस्तरसम्म खेलकुदलाई जोड्न सकियो भने देश आफैं जोडिन्छ। किनभने खेलकुद केवल खेल होइन, यो राष्ट्र निर्माणको मौन तर शक्तिशाली भाषा हो।

समय अब यही हो। खेलकुदलाई उत्सव बनाऔं, अभियान बनाऔं र देश जोड्ने साझा सूत्र बनाऔं। भोलि होइन, आजै। किनकि जब हामी सँगै दौड्छौं तब मात्रै साँचो अर्थमा सँगै देश जोड्छौं।

जब राष्ट्रिय गान बज्छ र खेलाडीहरूले छातीमा हात राख्छन्, त्यो क्षण सम्पूर्ण देश एउटै हुन्छ। नेपाललाई जोड्ने थुप्रै माध्यम होलान् तर खेलकुदजस्तो निष्कलंक र समावेशी माध्यम कमै छन्। क्रिकेट, भलिबल, फुटबल र म्याराथन, यी सबैले फरकफरक ढंगले देश जोडिरहेका छन्। मैदान साझा मञ्च हो, खेलाडी साझा नायक हुन् र राष्ट्रिय झन्डा हाम्रो साझा पहिचान हो। अनि खेलकुद जित हारभन्दा माथि उठेर देश जोड्ने शक्ति हो।

■ सोमपाल कामी

# विभेद चिरेर बनेका गहना



गुल्मीको एउटा सामान्य गाउँबाट उठेको एउटा असाधारण नाम- सोमपाल कामी। जहाँ सपनाभन्दा अगाडि सामाजिक पहिचान बोल्थ्यो, जहाँ प्रतिभाभन्दा पहिला जात देखिन्थ्यो, त्यहीँबाट उनले आफ्नो यात्रा सुरु गरे। आज उनी केवल नेपाली क्रिकेटका फास्ट बलर मात्र होइनन्, विभेद चिरेर अघि बढ्न सकिन्छ भन्ने जिउँदो प्रमाण हुन्।

सीमित अवसरबीच हुर्कंदा पनि उनको आँखामा एउटा मात्रै सपना थियो- क्रिकेट। हातमा बल समात्दा, उनले आफ्नो भाग्य पनि समातेका थिए। तीन वर्षको उमेरमै आमाबुबासँगै भारतको पञ्जाब पुगेका सोमपालको बाल्यकाल उतै बित्यो। अपरिचित भूमि, नयाँ भाषा र संस्कृतिबीच पनि एउटा कुरा कहिल्यै बदलिएन- क्रिकेटप्रतिको प्रेम। भारतमै स्कुलस्तरका प्रतियोगिता खेले, त्यहीँ क्रिकेटका आधार सिके। पछि इन्डियन प्रिमियर कर्पोरेट लिग पनि खेले। सन् २०१३ मा सोमपाल क्रिकेटकै सपना बोकेर नेपाल फर्किए। सजिलो थिएन त्यो यात्रा। प्रतिस्पर्धा कडा थियो, अवसर सीमित। तर भाग्यभन्दा ठुलो कुरा मिहिनेत हो भन्ने प्रमाणित गर्दै उनी राष्ट्रिय टिमको ढोकासम्म पुगे।

सन् २०१४ न्युजिल्यान्डमा वर्ल्डकप क्वालिफायर। त्यतिबेलाका मुख्य फास्ट बलरहरू अमृत भट्टराई, जितेन्द्र मुखिया र अविनाश कर्ण घाइते भए। संकटको त्यो घडीमा सोमपाललाई अवसर मिल्यो। युएईविरुद्धको खेलबाट उनले राष्ट्रिय टिममा डेब्यु गरे। विकेट नआए पनि आत्मविश्वास डगमगाएन। अर्को खेल- स्कटल्यान्डविरुद्ध। त्यस खेलमा उनले तीन विकेट लिए। क्वालिफायरका सबै खेल खेलेर उनले आठ विकेट लिए। त्यो संख्या मात्रै होइन, त्यो थियो एउटा संकेत- नेपालले एउटा भरपर्दो फास्ट बलर पाएको।

त्यसपछि सोमपालको यात्रा निरन्तर उकालो लागिरह्यो। सन् २०१४ को टी-२० विश्वकप खेले। सन् २०२४ को विश्वकपमा पनि उनले देशको जर्सी लगाएर मैदान उत्रिए। अब २०२६ को विश्वकप खेल्ने सम्भावना पनि लगभग निश्चित छ। यो संयोग होइन, यो लामो समयसम्म गरेको कडा मिहिनेतको फल हो।

सन् २०१५ मा श्रीलंकाको सारासेन्स स्पोर्ट्स क्लबबाट फस्ट क्लास क्रिकेटमा डेब्यु गरे। सन् २०१९ मा ग्लोबल टी-२० क्यानडामा विनिपेग हक्सका लागि खेले। उनी नेपाली फ्रेन्चाइज लिग नेपाल प्रिमियर लिग (एनपिएल)मा कर्णाली याक्सका कप्तान छन्।

सोमपाल कामीको कथा क्रिकेटको मात्र कथा होइन। यो प्रमाण हो- प्रतिभा जात हेर्दैन, सपना ठाउँ हेर्दैन। अवसर पाएपछि, एउटा गाउँको छोरो पनि राष्ट्रको गहना बन्न सक्छ।

कभर स्टोरी

■ शेख दाजुभाइ

# एउटै आँगनबाट विश्व मञ्चसम्म

वीरगन्जको नारायणी रंगशालाको छेउमै रहेको एउटा घर । त्यही घरको आँगनमा क्रिकेट खेल्दै हुर्किए- आरिफ शेख र आसिफ शेख । दाजुभाइका लागि क्रिकेट खेल मात्र थिएन, परिवारको सपना थियो ।

आसिफले दाजु आरिफसँगै क्रिकेट सिके । सानोमा आरिफ ब्याटिङ गर्थे, आसिफ बलिङ । कहिले बल टिप्ने, कहिले अभ्यासमा साथ दिने । दाजुको प्रगति देख्दै आसिफ अझै गहिरो रूपमा क्रिकेटमा होमिए । विद्या सदनमा पढ्दा छात्रवृत्ति पाएपछि उनको क्रिकेट यात्रा झन् सहज बन्यो ।



बुबा क्रिकेटका ठुला प्रशंसक थिए । आफूले पूरा गर्न नसकेको सपना छोराहरूले पूरा गरून् भन्ने चाहना थियो । परिवारको यही साथले शेख दाजुभाइलाई बलियो बनायो ।

आसिफले सन् २०१२ मा जिल्ला छनोट हुँदै एसिसी यु-१६ सम्म यात्रा गरे । मलेसियामा भएको यु-१६ प्रिमियर लिगमा नेपाल च्याम्पियन बन्दा उनी उपकप्तान थिए । कम उमेरमै नेतृत्वको अनुभव बटुलेका आसिफपछि यु-१९ टिमका कप्तान पनि बने । सन् २०१८ को एभरेस्ट प्रिमियर लिग फाइनलमा नटआउट १११ रन प्रहार गरेपछि उनी देशभर चर्चित भए । सन् २०२१ मा आसिफले राष्ट्रिय टिमबाट टी-२० आई र ओडिआईमा डेब्यु गरे । नेदरल्यान्ड्सविरुद्धको पहिलो टी-२० आईमै अर्धशतक प्रहार गरे । विकेटकिपिङ र ओपनिङमा उनी आज नेपालको भरोसायोग्य नाम बनेका छन् । खेलभावनाको उदाहरण बनेर उनले आइसिसी र एमसिसीको 'स्पिरिट अफ क्रिकेट' अवार्डसमेत जिते ।

दाजु आरिफ शेखको यात्रा पनि त्यत्तिकै संघर्षपूर्ण छ । सन् १९९७ मा वीरगन्जमा जन्मिएका उनी मध्यक्रमका ब्याटिङ अलराउन्डर हुन् । स्कुल र कलेज क्रिकेट हुँदै यु-१९ र त्यसपछि राष्ट्रिय टिमसम्म पुगेका आरिफले इन्जिनियरिङ पढ्ने सपना त्यागेर क्रिकेट रोजे । घरेलु प्रतियोगितामा उत्कृष्ट प्रदर्शनपछि उनी राष्ट्रिय टिममा स्थापित भए । आरिफ पछिल्लो एक दशकदेखि नेपालको मिडल अर्डरको भरपर्दो स्तम्भ बनेका छन् ।

शेख दाजुभाइको कथा कुनै संयोग होइन । एउटै परिवार, एउटै सपना र निरन्तर मिहिनेतले राष्ट्रिय जर्सी सम्भव बनाएको कथा हो ।

■ दीपेन्द्रसिंह ऐरी

# सुदूरपश्चिमबाट गर्जिएको बाघ

कञ्चनपुरको तिलाचौर । खेतका डिल, खुला आकाश र हातमा समातिएको पुरानो बल । त्यही परिवेशबाट उठेको एउटा नाम आज विश्व क्रिकेटका तथ्यांकमा बारम्बार दोहोरिन्छ- दीपेन्द्रसिंह ऐरी । सुदूरपश्चिमको विकट भूगोलले हुर्काएको यो प्रतिभाले नेपाललाई संसारले चिन्ने बनाइरहेको छ ।

दीपेन्द्रलाई चिनाउने क्षण धेरै छन् तर केही क्षण इतिहास बनेर बसेका छन् । मंगोलियाविरुद्ध ९ बलमै अर्धशतक । कतारविरुद्ध एकै ओभरमा लगातार ६ छक्का । यी कीर्तिमान केवल अंक होइनन्, नेपालजस्तो देशको आत्मविश्वास हुन्- जसले देखायो, नेपाली खेलाडी पनि विश्वस्तरको हुन सक्छ ।

उनको खेल बहुआयामिक छ । ब्याटले खेल पल्टाउँछ, बलिङले चकित पार्छ, फिल्डिङले दर्शक उठाउँछ । त्यसैले उनी केवल खेलाडी होइनन्- 'थ्री डी खेलाडी' हुन् । २०१८ मा नेपालले नेदरल्यान्ड्सविरुद्ध पहिलो वान डे खेल्दा मैदानमा उत्रने ११ मध्ये एक दीपेन्द्र पनि थिए । इतिहासको साक्षी मात्र होइन, इतिहास बनाउने पात्र ।

खेतमा खेल्दै हुर्किएका दीपेन्द्रले घरेलु क्रिकेटमै आफ्नो क्षमता देखाए । तर पहिचान पाउन समय लाग्यो । २०१६ को यु-१९ एसिया



कपमा श्रीलंकाविरुद्ध ९० रनको इनिङ्सले उनको ढोका खोल्यो । २०१७ मा राष्ट्रिय टिमबाट डेब्यु गर्दा अवसर संयोगजस्तै आयो तर त्यसलाई उपलब्धिमा बदल्नु उनको मेहनत थियो ।

उतार-चढाव पनि आए । प्रदर्शन ओरालो लाग्दा आलोचना भयो, जिम्मेवारी खोसियो । तर विश्वास कहिल्यै मरेन । २०२२ पछि दीपेन्द्र अझ बलियो भएर फर्किए । शतक, निर्णायक इनिङ्स, फिनिसरको भूमिका- उनले आफूलाई पुनः परिभाषित गरे । आज दीपेन्द्र केवल सुदूरपश्चिमका प्रतिनिधि होइनन्, विश्वमा नेपाल चिनाउने खेलाडी हुन् ।

■ पलेशा गोवर्धन

# आँटले पूरा गरेको नेपालको सपना

कुनैकुनै जित हातको संख्या होइन, मनको आँटले तय हुन्छ । पलेशा गोवर्धनको कथा त्यही आँटको नाम हो । जन्मँदै बायाँ हातको हत्केला बिनासंसारमा आएकी उनले जीवनको पहिलो क्षणमै एउटा सन्देश बोकेकी थिइन्- शरीरले होइन, इच्छाशक्तिले मान्छे बनिन्छ ।

काठमाडौंका गल्लीहरूमा हुर्किंदै गर्दा उनले कमजोरी होइन, सम्भावना देखिन् । १० वर्षको उमेरमा विद्यालयको अतिरिक्त गतिविधिका रूपमा तेक्वान्दो सुरु गर्दा त्यो सौख थियो । तर समयसँगै त्यो सौख सपना बन्यो र सपना राष्ट्रिय जिम्मेवारीमा रूपान्तरित भयो ।

प्रशिक्षकको विश्वास र आफ्नै कठोर अनुशासनले पलेशालाई पारा राष्ट्रिय टिमसम्म पुऱ्यायो । त्यसपछि उनले जित मात्र गरिनन्, इतिहास पनि लेखिन् । भियतनाममा पहिलो अन्तर्राष्ट्रिय पदक ल्याउँदा नेपालले पारा तेक्वान्दोमा आफ्नो नाम लेख्न थाल्यो । बहराइनमा स्वर्ण जित्दा त्यो नाम अझै गहिरो बन्यो ।

टोकियो पारा ओलम्पिक्समा दुई खेल जित्दै पाँचौं स्थानमा पुग्दा उनले सम्भावनाको



ढोका खोलेकी थिइन् । तर त्यो अन्तिम गन्तव्य थिएन । हाङ्जाउमा एसियन पारा गेम्सको कांस्य, त्यसपछि पेरिसका लागि छनोट- यी सबै कदम अन्ततः एउटै क्षणतर्फ उन्मुख थिए ।

पेरिस पारा ओलम्पिक्स, रंगशाला, दर्शक र संसारको नजर । निर्णायक भिडन्तमा पलेशाले जित हात पारिन्- नेपालको इतिहासमै पहिलो ओलम्पिक वा पारा ओलम्पिक पदक । त्यो पदक केवल उनको थिएन, त्यो अपांगता शब्दसँग लडिरहेका हजारौं सपनाको विजय थियो । उनको यात्रा भन्छ- सीमित शरीर बाधा होइन, सीमित सोच बाधा हो ।

■ सावित्रा भण्डारी 'साम्बा'

# लमजुङबाट विश्व फुटबलसम्म



लमजुङको मर्स्याङ्दी किनार । खाली खुट्टा, मोजाको बल र खुला आकाश । त्यही परिवेशमा फुटबलसँग पहिलोपटक भेट भएकी हुन्- सावित्रा भण्डारी 'साम्बा' । आज संसारका रंगशालामा जब गोलको उत्सव हुन्छ, त्यही उत्सवमा एउटा नेपाली नाम अनिवार्यजस्तै सुनिन्छ- साम्बा ।

बाल्यकालमा गाईगोरु चराउँदै खेलिएको फुटबल उनका लागि खेल मात्र थिएन, त्यो बाँच्ने तरिका थियो । साधारण परिवारमा हुर्किएकी साम्बाले सुविधाको फुटबल होइन, संघर्षको फुटबल खेलेकी हुन् । तर त्यो संघर्ष नै आज उनको पहिचान बन्यो ।

१७ वर्षको उमेरमै राष्ट्रिय टिमको जर्सी लगाएर भुटानविरुद्ध गोल गर्दा उनले आफ्नो आगमन घोषणा गरिन् । त्यसपछि साम्बाको खुट्टा रोकिएन । गोलपछि गोल, कीर्तिमानपछि कीर्तिमान । आज उनी नेपाली महिला फुटबल इतिहासकी सर्वाधिक गोलकर्ता मात्र होइनन्, दक्षिण एसियाकै गोल मेसिनका रूपमा चिनिन्छिन् ।

क्लब फुटबलमा उनले सीमाना चिरेकी छन् । भारतको लिग जित्दै गोल्डेन बुट हात पारिन् । इजरायल र फ्रान्स हुँदै युरोपको मैदानमा गोल गरिन् । युरोपियन शीर्ष लिगमा गोल गर्ने पहिलो नेपाली महिला खेलाडी बनेर इतिहास लेखिन् । अहिले अस्ट्रेलियाको ए-लिगमा खेल्दै उनी विश्व फुटबलसँगै हिँडिरहेकी छन् ।

साम्बा केवल स्ट्राइकर होइनन् । उनी नेपाली महिला फुटबलको आत्मबल हुन् । साफ च्याम्पियनसिपदेखि ओलम्पिक छनोटसम्म, नेपाललाई उचाल्ने क्षणमा उनी अगाडि नै उभिइन् । त्यसैले आज लमजुङको सिमपानीमा 'साम्बा चोक' बनेको छ, चोकमा उनको प्रतिमासहितको स्तम्भ निर्माण गरिएको छ । साम्बाको कथाले भन्छ- विश्व जित्न रंगशालाको सुरुवात चाहिँदैन । कहिलेकाहीँ खाली खुट्टा र मोजाको बल नै काफी हुन्छ । लमजुङबाट सुरु भएको त्यो दौड आज संसारसम्म पुगेको छ र अझै रोकिएको छैन ।

■ प्रीति राई

# सानो कद, ठुलो खेल

सोलुखुम्बुको पहाडी भूगोलबाट एउटा केटी फुटबल बोकेर मैदानतिर दौडिन थालिन् । कदले सानो तर सपनाले विशाल- उनी हुन् प्रीति कुलुङ राई । आज नेपाली महिला फुटबलमा उनको नाम केवल प्रतिभाको प्रतीक होइन, सम्भावनाको आवाज पनि हो ।

६ वर्षको कलिलो उमेरमै फुटबलसँग दोस्ती गरेकी प्रीतिले खेललाई कहिल्यै केवल मनोरञ्जन बनाइनन् । शारदा एकेडेमीमा पढ्दै गर्दा स्कुलको मैदान नै उनको पहिलो रंगशाला बन्यो । त्यही मैदानमा उनको खुट्टाले बलसँग कुरा गर्न सिक्यो ।

मिडफिल्डमा उभिँदा प्रीति खेलको गति बदल्छिन् । पासमा स्पष्टता, चालमा चातुर्य र भिजनमा परिपक्वता- त्यही कारण उनलाई धेरैले 'नेपालकी महिला मेस्सी' भनेर चिन्ने गरेका छन् । २०१५ मा नेपाल युथ प्रोग्राममा जोडिँदा उनी केटाहरूसँगै अभ्यास गर्ने पहिलो छात्रा खेलाडी बनिन् । त्यहीँबाट उनको आत्मविश्वास झन् बलियो भयो ।

यु-१५, यु-१६ हुँदै यु-१९ राष्ट्रिय टिमसम्म पुग्दा उनले नेतृत्व पनि सिकिन् । २०१७ मा यु-१५ टिमको कप्तानी गर्दा उमेरभन्दा ठुलो जिम्मेवारी सम्हालिन् । क्लब फुटबलमा एपिएफबाट राष्ट्रिय महिला लिग जितिन् र २०२३ मा भारतको किकस्टार्ट एफसी हुँदै विदेशको यात्रा सुरु गरिन् ।



१६ वर्षको उमेरमै सिनियर राष्ट्रिय टिममा डेब्यु- त्यो पनि गोलसहित । २०२१ सेप्टेम्बर ९ मा बंगलादेशविरुद्ध दशरथ रंगशालामा उनले गरेको त्यो गोल केवल स्कोरसिटमा सीमित रहेन, इतिहास बन्यो । प्लेयर अफ द म्याच बनेर उनले आफ्नो आगमन घोषणा गरिन् ।

२०२४ को वाफ महिला च्याम्पियनसिपमा लेबनानविरुद्ध अन्तिम मिनेटमा गरेको गोलले नेपाललाई फाइनलसम्म पुऱ्यायो । त्यस क्षण उनले देखाइन्- सानो कदले ठुला खेल जित्न रोक्दैन । २०२५ बाट जोर्डनको इतिहाद क्लबबाट खेल्दै प्रीति जोर्डन महिला प्रो लिगमा खेल्ने पहिलो नेपाली खेलाडी बनिन् । गाउँबाट सुरु भएको यात्रा आज अन्तर्राष्ट्रिय मैदानमा फैलिएको छ ।

■ एरिका गुरुङ

# करातेले विश्वमा उभ्याएको नेपाल

सपना र साहसले मात्र इतिहास लेख्छ, एरिका गुरुङ त्यसको जीवित उदाहरण हुन् । काठमाडौंको गल्लीमा हुर्किएकी, आमाको प्रेरणामा कराते सुरु गरेकी एरिका आज नेपालका लागि गौरवको नाम बनेकी छन् ।

सन् २०१७ मा राष्ट्रिय कराते प्रतियोगितामा पहिलोपटक भाग लिँदा उनी अझै अनभिज्ञ थिइन् । तर छिट्टै नै अभ्यास र अडानले उनलाई नेपाल पुलिस क्लबको मुख्य खेलाडी बनायो । प्रत्येक मुक्का, प्रत्येक प्रहारले उनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चतर्फ पुऱ्यायो ।

सन् २०२३ को हाङ्झाउ एसियाली खेलकुदमा महिला ६८ केजीमाथि कुमुतेमा रजतपदक जित्दा इतिहास बन्यो । यो नेपालको करातेमा पहिलो एसियाली खेलकुद पदक मात्र होइन, २५ वर्षपछि व्यक्तिगत स्पर्धामा प्राप्त पहिलो रजत पनि थियो । त्यसपछि युएस ओपन, मलेसियाको डब्लुकेएफ वान सिरिज, अस्ट्रेलियन ओपन र दक्षिण एसियाली च्याम्पियनसिपमा स्वर्ण-रजतपदकका साथ उनी लगातार नेपाललाई विश्वसँग परिचित गराइरहेकी छन् ।



एरिका केवल खेलाडी मात्र होइन, प्रेरणा हुन् । छोटो समयमा उनका उपलब्धिहरूले देखाउँछ- शारीरिक बल र मनको अडानले सीमितता पन्छाउँछ । उनको प्रत्येक मुक्का नेपालको झन्डा लिएर अन्तर्राष्ट्रिय रंगशालामा उभिन्छ ।

आज एरिकालाई हेर्दा युवतीहरूले सपना देख्न र असम्भवलाई सम्भव बनाउन सक्छन् भन्ने विश्वास बलियो हुन्छ ।

■ गुल्सन झा

# सानो उमेर ठुलो भरोसा



गुल्सनको नाम जब पहिलोपटक मैदानमा गुन्जियो, धेरैले उनलाई चिनेका थिएनन् । तर उनले चिनेका थिए- आफ्नो जिम्मेवारी । नेपाली क्रिकेटमा एउटा अभाव देखिरहेको थियो- भरपर्दो अलराउन्डरको । किशोर उमेरमै बल र ब्याट दुवै हातमा सम्हालेर मैदानमा उत्रँदा छोटो समयमै त्यो अभाव पूरा गर्ने संकेत दिने नाम बन्यो- गुल्सन झा ।

सर्लाहीको मलंगवाबाट उठेको यो नाम नेपाली क्रिकेटले खोजिरहेकै 'पूरा' खेलाडीको संकेत हो । बायाँ हातले ब्याट समात्ने गुल्सन दायाँ हातले तीव्र पेस फ्याँक्छन् । यही असामान्य संयोजनले उनलाई फरक बनाएको छ । बल हातमा हुँदा उनको पेस र बाउन्सर डर पैदा गर्छ, ब्याट हातमा आउँदा भने उनी जितनजिक पुऱ्याउने खेलाडीझैं देखिन्छन् ।

२०७७ सालको मेयर्स कप गुल्सनका लागि मोड बन्यो । पुलिसका लागि फाइनल खेल्दै चार विकेट लिँदा उनी अचानक सबैको नजरमा परे । त्यो दिन शरद भेषावाकरले दिएको उपनाम थियो- 'सरप्राइज प्याकेज' । सामाजिक सञ्जालमा उनको पेस र बाउन्सरको चर्चा चल्यो र गुल्सन एकाएक चर्चामा आए ।

तर त्यो सफलता संयोग थिएन । उनले क्रिकेटको आधार भारतको राँचीस्थित अरुणोदय क्रिकेट एकेडेमीमा तयार गरेका थिए । त्यसैले उनको खेलमा आत्मविश्वास देखिन्थ्यो । मधेश प्रदेशबाट प्रधानमन्त्री कप खेलेपछि केही समय अवसर नपाउँदा पनि उनी ओझेलमा हराएनन् । प्रशिक्षक मनोज कटुवालको नजरमा परेपछि पुलिस टिमबाट अवसर पाए र त्यो अवसरलाई उनले गुमाएनन् ।

घरेलु क्रिकेटका जम्मा दुई खेलपछि नै गुल्सन राष्ट्रिय टिमसम्म पुगे । सन् २०२१ मा अमेरिकाविरुद्ध वान डे डेब्यु गर्दा उनको उमेर थियो- १५ वर्ष २१२ दिन । त्यो डेब्युले उनलाई इतिहासमा लेखायो, वान डे क्रिकेटका तेस्रो कान्छा खेलाडीका रूपमा ।

त्यसपछि गुल्सन रोकिएनन् । टी-२० अन्तर्राष्ट्रियमा डेब्यु खेलमै विकेट लिए । पछिल्ला वर्षमा बलिङसँगै ब्याटिङमा पनि निर्णायक योगदान दिन थाले । एकै खेलमा पाँच विकेट र अर्धशतक बनाउने उपलब्धिले उनले 'साँचो अलराउन्डर'को अर्थ बुझाए ।

एसिया कपमा भारत र पाकिस्तानविरुद्ध खेलेर उनले विश्वस्तरको अनुभव बटुले । टी-२० विश्वकपमा पनि नेपालको जर्सी लगाउँदै उनले देखाए- नेपालको भविष्य केवल सपना होइन, तयारीमा पनि छ ।

■ सन्तोषी श्रेष्ठ

# नेपाल चिनाउने 'गोल्डेन गर्ल'

धादिङकी सन्तोषी श्रेष्ठको बाल्यकाल साधारण थियो । स्कुल पढाइ र लेखाइमा बढी रुचि राख्ने उनी खेलकुदमा खासै सक्रिय थिइनन् । १३ वर्षको उमेरमा सडक दौडमा भाग लिँदै गर्दा उनको जीवनको दिशा बदलियो ।



पूर्वओलम्पियन रघुराज ओन्टाले उनलाई नोट गरे र काठमाडौंको एथलेटिक्स टोलीमा प्रशिक्षणको अवसर दिए । त्यही दिनदेखि सन्तोषीको औपचारिक खेल जीवन सुरु भयो ।

सन्तोषीको पहिलो अन्तर्राष्ट्रिय सफलता सन् २०१९ को १३औं दक्षिण एसियाली खेलकुद (साग)मा आयो । महिलातर्फको १० हजार मिटर दौडमा उनले स्वर्ण जितिन्- नेपालकी पहिलो महिला एथलिट जसले अन्तर्राष्ट्रिय ट्र्याक इभेन्टमा स्वर्णपदक जितेकी थिइन् । फोटो फिनिसमा जितिएको त्यो दौडले उनलाई 'गोल्डेन गर्ल'को उपनाम दिलायो ।

त्यसपछि उनको करियर लगातार उकालो लाग्यो । सन् २०२२ मा हाफ म्याराथनमा नयाँ राष्ट्रिय कीर्तिमान (१ घण्टा १४ मिनेट १४ सेकेन्ड) कायम गरिन् । २०२३ मा जर्मनीमा १० हजार मिटरमा नयाँ राष्ट्रिय रेकर्ड (३४ मिनेट ३१ सेकेन्ड) बनाइन् । नेपाल राष्ट्रिय खेलकुदमा पनि उनले लगातार स्वर्णपदक जितिन् ।

सन् २०२४ पेरिस ओलम्पिक्समा उनी महिलातर्फको म्याराथनमा सहभागी भइन् । ७९औं स्थानमा रहे पनि उनको उपस्थितिले नेपालका लागि २८ वर्षपछि महिलातर्फ म्याराथनमा प्रतिस्पर्धा गर्ने नयाँ इतिहास बनायो ।

सन्तोषीको सफलता केवल पदक र कीर्तिमानमा सीमित छैन । उनले देखाइन्, साधारण परिवारका, विभागीय टिममा नभएका खेलाडी पनि उच्च सफलता हासिल गर्न सक्छन् ।

सन्तोषीको दौडले नेपालको महिला एथलेटिक्सलाई नयाँ उचाइ दिएको छ । प्रत्येक कदमले युवा खेलाडीलाई प्रेरणा दिन्छ । उनी केवल ट्र्याकमा दौडिरहेकी छैनन्, उनी नेपालको सपना र सम्भावनालाई विश्वभर फैलाइरहेकी छन् ।

संस्मरण

# सिकाइ र भोगाइको एउटा डायरी !

*कुनैबेला तल्लो पाटोमा झार्ने गुरूसँग खुब रिस उठेको थियो । स्कुलभर बोलिनँ । सायद त्यो कुरा गुरूलाई थाहा नहुन सक्छ । मेरा लागि मात्र त्यो अविस्मरणीय थियो ।*



■ विदुर दाहाल

२०३९/४० सालतिर हुनुपर्छ, वैतेश्वर माध्यमिक विद्यालय, नाम्दु, दोलखामा विद्यार्थी टन्नै थिए । कक्षा कोठाले थेग्न नसक्ने थिए । तर पर्याप्त विद्यालय भवन र कक्षा कोठा थिएनन् । साना कक्षाहरूलाई रुखको फेद र बारीका पाटामा राखेर पढाइन्थ्यो । त्यो क्रम २/३ वर्ष नै चल्यो । अहिलेका जस्ता सुविधा सम्पन्न भवन त्यस बेला कल्पना पनि थिएन ।

केही साथीहरू कालो पाटी अँगारले वा ब्याट्रीको कालो पोतेर कापीको सट्टा प्रयोग गर्थे । बेलुका घर पुग्दा त शरीरभरि त्यसको कालो लागेको हुन्थ्यो । मैले भने कापीमै लेखेँ । कालो पाटी प्रयोग गरिनँ ।


हिउँदका कक्षाहरू बारीको पाटोमा घाम ताप्दै पढ्न पाइन्थ्यो । रमाइलै हुन्थ्यो । दुई महिना वर्षायामको बिदा नै हुन्थ्यो ।

एक कान्लामाथिको बारीको पाटामा कक्षा दुई र कान्लामुनि कक्षा एकका विद्यार्थी पढ्थे । टोलका मिल्ने साथी रमेश कक्षा दुईमा पढ्ने रहेछन् । मलाई एक र दुई कक्षाको विभेद थाहा थिएन । किनकि स्कुलका सुरुवाती दिन थिए ती । घरमा पनि कसैलाई थाहा थिएन । आमाले 'स्कुल जा' भन्नुहुन्थ्यो । निरक्षर मेरी आमालाई स्कुल गए पुग्थ्यो । टोलको साथीसँगै बस्न गएँ । खासमा मलाई क, ख, क, का र अ, आ राम्रैसँग पढ्न/लेख्न आउँदैनथ्यो । ए, बि, सी, डी कक्षा ३ मा पुगेपछि मात्र पढेको हो मैले ।

ठ्याक्कै कति दिन वा महिना कक्षा दुईमा पढेँ याद छैन । एक जना दाह्रीवाल सरले पढाएको याद छ । एक दिन मलाई महेन्द्र माला किताबका केही हरफ पढ्न लगाउनुभयो । जानिनँ । खासमा भर्खर मात्र स्कुल गएको थिएँ । कहाँ बस्नु पर्ने हो, मलाई थाहा थिएन । दुई कक्षाको किताब पढ्न जान्ने कुरै थिएन । कान तान्दै माथिल्लो बारीको पाटोबाट तल्लो बारीको पाटामा झारिदिनुभयो अर्थात् दुई कक्षाबाट एक कक्षामा झरेँ म । त्यस्तो गर्ने सर को हुन् अहिले अनुमान लगाउन सक्छु, तर यकिन गर्न सक्दिनँ । अहिले महसुस गर्छु, गल्ती मेरै थियो- दुई कक्षामा बस्नू । सरले तल्लो कक्षामा झारेर आफ्नो दायित्व पूरा गर्नु भएको थियो । मात्र प्रक्रिया गलत थियो, अरू जायज थिए । त्यस्तो लाग्छ अहिले मलाई ।

तल्लो पाटोमा झरेपछि अरूले खिस्याए । अनि मात्र सानो कक्षामा झरेछु भन्ने भयो । धेरै नै चित्त दुख्यो । दिनभर रोएँ म । केही दिन स्कुल गइन । आमाले रमेशबाट सबै कुरा थाहा पाउनु भएछ । स्कुल जान्न मात्र भने । अरू कुरा भन्नु भएन । आमाले कर गरेपछि स्कुल फेरि गएँ । बेस्सरी लाज लाग्यो । साथीहरूले दुईबाट कक्षा एकमा झरेको विद्यार्थी भनेर गिल्ला गरे । त्यो पचाउन समय लाग्यो मलाई । बाल मनोविज्ञानमा एउटा खालको असर परेको रहेछ । अहिले याद आउँछ ।

पछिल्लो पटक स्कुल गएपछि साथीहरूले फेरि माथिल्लो पाटामा गएर बस्नू भन्ने सल्लाह दिए । 'सरले थाहा पाउनुहुन्न, केही हुँदैन, कक्षा दुईमै जा' भन्थे । केही साथीहरू 'हामीसँगै एक कक्षामा पढ्नू' भन्थे । २०४८ सालको एस.एल.सी. ब्याच हो म । सायद ५ वर्षको थिएँ होला । तल्लो कक्षामा झर्नु परेकाले अत्यन्त नरमाइलो माने मैले । दिनभर रोएको अझै याद छ । ५ वर्षमा भोगेको त्यो नमिठो पीडा अहिले पनि झल्को आउँछ । अलि बढी संवेदनशील मान्छे रहेछु कि म ! त्यस्तो लाग्छ । बितेको घटनाले पछिल्ला दिनमा मेरो पढाइलाई प्रत्यक्ष प्रभाव पार्‍यो । नकारात्मक उत्प्रेरणाबाट सिक्दै गएँ म ।



अन्ततः तल्लो बारीको पाटामै पढ्न थालेँ म । तल्लो बारीको पाटोमा झरेका दिनदेखि पढ्न अर्कै खालको ऊर्जा आयो । कक्षा १० सम्म पढ्दा फर्स्ट र सेकेन्डभन्दा कहिल्यै तल झरिनँ । एक हिसाबले अरूलाई देखाउनु थियो-राम्रो पढ्नुपर्छ भन्ने इख (नकारात्मक उत्प्रेरणा) जाग्यो । सकारात्मक उत्प्रेरणाबाट सिक्नु पर्नेमा नकारात्मकबाट सिकेँ । सिकाइ नकारात्मक उत्प्रेरणाबाट पनि हुन्छ भन्ने दलिल पेश गर्न चाहन्छु म ।

अर्को पनि उदाहरण छ । अर्का एक जना सर हुनुहुन्थ्यो । उहाँले औंलाका बिचमा कलम राखेर चेप्नुहुन्थ्यो । गृहकार्य नगर्ने वा सोधेको नमिलाउनेले त्यस्तो सजाय पाउँथे । यो खालको सजाय मैले चाहिँ कहिल्यै भोग्नु परेन । एउटै सजाय भारी भयो मलाई । अहिलेसम्म त्यो सम्झना आइरहन्छ । पढ्न अहिले पनि त्यसले प्रेरित गर्छ । प्राप्त प्रमाणपत्रमा स्टार लागेन । फर्स्ट र सेकेन्ड डिभिजनभन्दा तल झर्नु परेन । ठिकै रहेछ कि त्यो सजाय मलाई ?

> *आमाले कर गरेपछि स्कुल फेरि गएँ । बेस्सरी लाज लाग्यो । साथीहरूले दुईबाट कक्षा एकमा झरेको विद्यार्थी भनेर गिल्ला गरे । त्यो पचाउन समय लाग्यो मलाई ।*

कुनै बेला तल्लो पाटोमा झार्ने गुरुसँग खुब रिस उठेको थियो । स्कुलभर बोलिनँ । सायद त्यो कुरा गुरुलाई थाहा नहुन सक्छ । मेरो लागि मात्र त्यो अविस्मरणीय थियो । सायद माथिल्लो पाटोको दुई कक्षामा नै पढ्न पाएको भए पढाइमा यो खालको प्रगति गर्थे कि गर्थिन् ? अनिश्चित छ ।

जिन्दगीले धेरै कुरा सिकाउँछ । खाली त्यो ठिक समयमा पर्छ कि पर्दैन भन्ने मात्र सवाल हो । जे हुन्छ, राम्रोका लागि हुन्छ भन्ने कुरा विश्वास लाग्यो, अलि पछि । सुरुमा बोल्न मन नलागेका सरलाई अहिले भेटेर सबै कुरा गरौँ जस्तो लाग्छ । नमिठो मान्नु होला कि भन्ने पनि डर लाग्छ । कक्षा दुईबाट एकमा झारिनु मेरो लागि 'टर्निङ पोइन्ट' रहेछ । धन्यवाद सर । एक मनले त्यसो भन्यो ! हुन त म नै बुद्धु हो नि ! एक कक्षा नपढी दुई कक्षामा पढ्न खोज्ने ! सिकाइको यो नियम सबैमा एउटै लागू नहुन सक्छन् । जिन्दगीको सिकाइ डायरी फरक फरक हुन सक्छन् । त्यो मात्र सत्य हो ।

# नफुलेको वसन्त

कथा



■ समर शर्मा

> *म घर फर्किएँ । टेबलमा लिली झरेको थियो । तर बिचमा एउटा कोपिला अझै नफुलेको थियो । मैले त्यो फूल समातेर धेरै बेर हेरें । त्यो कोपिला, जस्तो कि समयले नदिएको अवसर । त्यो दिन मैले फूललाई पानीमा राखें । तर अब ढिला भइसकेको थियो ।*

वसन्त सुरु हुँदै थियो तर सहरको आकाश अझै पनि जाडोको कुहिरोले ढाकिएको थियो । नदी किनारको पुरानो सहर- भित्रभित्रै चिसो, बाहिरबाहिरै चम्किलो । फागुनको पहिलो हप्ता भएकाले सडकमा अनोठो चहलपहल थियो । पसलका सिसा, झ्यालमा रंगीचंगी कार्ड, साना बत्ती र फूलका गुच्छा सजाइएका थिए । मानिसहरू हतारमा थिए, कसैको हातमा उपहार, कसैको आँखामा अपेक्षा ।

म त्यो दिन पुस्तकालयबाट फर्कंदै थिएँ । काम सकेर घर फर्कने मेरो बाटो सधैंजस्तै नीरश हुन्थ्यो । तर त्यो दिन केही फरक थियो । पुलनजिकै एउटा सानो फूलको ठेला देखें । ठेला पछाडि उभिएका थिए, करिब ६० वर्ष नाघेका जस्ता देखिने पुरुष । कपाल सेतै फुलेको, आँखामा अनौठो शान्ति, अनुहारमा थकान ।

म प्रायः त्यही बाटो हिँड्थें तर उनलाई पहिलोपटक देखेजस्तो लाग्यो ।

'छोरी, यो फूल लैजाऊ ।'

उनले मलाई देख्नासाथ भने । उनको हातमा थियो- सेतो लिली । गुलाब होइन, लिली । सफा, सरल, सुगन्ध कम तर गहिरो ।

म अडिएँ । मन अलमलियो । यस्तो दिनमा अपरिचित वृद्धबाट फूल ? मनभित्र कता-कता असजिलो भाव आयो । म मुस्कुराएँ तर हात अघि बढेन ।

'मलाई चाहिँदैन,' म शिष्ट तर चिसो स्वरमा बोलें ।

उनको अनुहारमा क्षणभरको झस्काइ आयो तर तुरुन्तै हरायो । 'किन ? आज त दिन नै यही हो ।'

'यस्ता कुरा मन पर्दैन,' म झर्किंदै अगाडि बढ्न खोजें । उनले पछाडि बोलाएनन् । जब म दुई-तीन कदम अघि बढें, पछाडि फर्केर हेर्दा उनी अझै उभिएका थिए, फूल त्यही हातमा । तर त्यो फूल अब उज्यालो देखिँदैनथ्यो- जस्तो कि मेरो अस्वीकारले त्यसको चमक पनि खस्यो ।

त्यसपछि दिनहरू बित्दै गए । तर त्यो दृश्य भने मनबाट हटेन । खासगरी रात परेपछि- मनले अनावश्यक अर्थ खोज्न थाल्थ्यो । 'किन फूल दिए ?' 'के उद्देश्य थियो ?' समाजले सिकाएका सावधानीका पाठहरू मनभित्र घुमिरहन्थे । म आफैंलाई सही ठान्थें ।

केही दिनपछि म पुनः त्यही बाटो हुँदै हिँड्दै थिए । ठेला त्यही थियो । वृद्ध पनि । यस पटक उनले केही भनेनन् । केवल टाउको हल्लाएर मुस्कुराए । त्यो मुस्कानमा आग्रह थिएन, न त कुनै दाबी । बस्, स्वीकार ।

त्यस दिन म रोकिएँ । 'तपाईं यहाँ सधैं बस्नुहुन्छ ?'

'हो,' उनले भने, 'घर एक्लो छ । यहाँ मान्छे हेर्दा दिन बित्छ ।'

त्यसपछि कुराकानी सुरु भयो । उनले आफू पूर्व शिक्षक भएको बताए । श्रीमती धेरै वर्षअघि बितेकी रहिछन् । छोरा विदेश, छोरी टाढाको सहर । फूल बेचेर कमाइ हुन्थ्यो भन्ने होइन, समय बेच्न यहाँ बसेका रहेछन् ।

'फूल बेच्नु मेरो पेसा होइन,' उनले हाँस्दै भने, 'यो त सम्झना हो । मेरी श्रीमतीलाई लिली मन पर्थ्यो ।'

त्यो सुन्दा मन अलिकति नरम भयो । मैले सोचें- सायद मैले हतारमा निर्णय गरेछु । अर्को दिन, उनले फेरि मलाई एउटा लिली दिए । यस पटक मैले अस्वीकार गरिनँ । तर हातले लिएको फूल मनले लिएको थिएन । मनभित्र अझै डर, शंका, असजिलोपन बाँकी थियो ।

घर पुगेर फूललाई टेबलमा राखें । पानी हालिनँ । मनभित्रको द्वन्द्वले त्यसलाई पनि बेवास्ता गरायो ।

राति झ्यालबाट बाहिर हेर्दा सडक सुनसान थियो । तर मनभित्र आवाजहरू कोलाहल मच्चाइरहेका थिए- पूर्वाग्रह, सिकाइ, डर । 'के सबै सद्भाव शुद्ध हुन्छ ?' भन्ने प्रश्नले निद्रा हरायो ।

भोलिपल्ट बिहान फूल ओइलिन थालेको थियो । पात झुकिसकेका थिए । मैले त्यसलाई देखेर एकाएक अपराध बोध महसुस गरें- फूलप्रति होइन, आफूप्रति ।

त्यसै दिन साँझ म हतारिँदै पुलतिर गएँ । ठेला खाली थियो । न फूल, न वृद्ध ।

छेउको चिया पसलमा सोध्दा थाहा भयो- उहाँ अघिल्लो रात अचानक बिरामी पर्नु भएको रहेछ । अस्पताल लैजाँदै गर्दा बाटोमै बित्नुभयो ।

मेरो शरीर सुनियो । मनभित्र केही भाँचियो ।

म घर फर्किएँ । टेबलमा लिली झरेको थियो । तर बिचमा एउटा कोपिला अझै नफुलेको थियो । मैले त्यो फूल समातेर धेरै बेर हेरें । त्यो कोपिला, जस्तो कि समयले नदिएको अवसर ।

त्यो दिन मैले फूललाई पानीमा राखें । तर, अब ढिला भइसकेको थियो । कोपिला फक्रिन पाएन । र, मैले बुझें- सबै प्रेम फुल्न पाउँदैनन् तर त्यसलाई नफुल्न दिनु हाम्रो रोजाइ पनि हुन सक्छ ।

कविता

## ती दिनहरू



सत्यजीत

फर्मान जारी भएको दिन-
सहर एक्कासि शान्त भयो,
तर त्यो शान्ति
शान्ति थिएन,
निरंकुश शासनको चक्र थियो ।
कागजमा हस्ताक्षरको,
मसी सुक्न नपाउँदै
सयौं आवाज
भूमिगत भए ।
घरका झ्याल बन्द भए,
सपना तहखानामा झर्‍यो,
र सत्य
फरार सूचीमा चढाइयो ।
त्यो दिन
सडक बोल्न छाड्यो,
पोस्टर राति टाँसिन थाले,
विचार होइन-
नाम लुकाइयो ।
दिनमा अपराधी,
रातमा नागरिक
यसरी जन्मियो
भूमिगत जीवन ।
सरकारले भन्यो-
'शान्ति कायम गरियो ।'
तर बन्दुकको नालबाट
शान्ति कहिल्यै आउँदैनथ्यो
हामीलाई थाहा थियो ।
घर-घरमा छापा,
मन-मनमा शंका,
र हरेक प्रश्नमाथि
देश द्रोहको छाप ।
भूमिगत जीवन
कायरता थिएन,
त्यो त
परिवर्तनको अर्को नाम थियो ।
यहाँ डरलाई बोकिँदैनथ्यो,
साहसलाई उच्च राख्दै,
आदर्श बचाइन्थ्यो ।
फर्मान जारी भएको दिन
कोही हाँसेनन्,
तर धेरैले आँखा झुकाएनन् ।
किनकि हामीलाई थाहा थियो-
फर्मानले शरीर थुन्न सक्छ,
तर विचारलाई
कहिल्यै जेल हाल्न सक्दैन ।
र आज पनि
कुनै नदेखिने गल्लीमा,
कुनै अँध्यारो कोठामा,
कुनै चुपचाप मुटुमा
त्यही आवाज बाँचेको छ-
'दमनको म्याद हुन्छ,
प्रतिरोधको हुँदैन ।'

गजल



शैलेन्द्र थापा

न त आँखा देख्न सके न त सुन्छन् कान उनले
पछि लागे अझै खाडल खने जाके जान उनले ॥

हिलो कादो खोजेर त्यो डुबाऊँ पात्र हुँदा प्रमुख
देलान् हातै ठान्नु गल्ती माथितिर तान उनले ॥

आफ्नो झोली भरौं लक्ष्य स्वजनको बुद्धि भुट्न
प्रयोग गरे चकालीसाथ जति थियो ज्ञान उनले ॥

स्वार्थन्धता कारक तत्त्व कर्तव्यको झोला फाली
नर्क जाने पृथक् मार्ग पछ्याई सके मान उनले ॥

रोक्न कम्मर कस्नै पर्छ विकृतिका वाहक खोजी
नबढाउँदा हस्तक्षेप त्यो देखाउँछन् सान उनले ॥

मध्यान्ह
www.madhyanhadaily.com



कभर स्टोरी

■ उषा भण्डारी

## तनहुँबाट अन्तर्राष्ट्रिय कोर्टसम्म

तनहुँ जिल्लामा जन्मिएकी उषा भण्डारी आज नेपाली महिला भलिबलको उज्यालो तारका रूपमा परिचित छिन् । सानो गाउँको मैदानदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय कोर्टसम्म पुग्ने उनको यात्रा संघर्ष र दृढताको मिसाल हो । उषालाई उनका बुबा गजेन्द्र भण्डारीले खेलप्रतिको उनको प्रतिभा देखेर भलिबलतर्फ उन्मुख गराए । बुबा आफैं स्थानीय भलिबल खेलाडी पनि थिए । २०१४ मा नेपाल-श्रीलंका अन्तर्राष्ट्रिय खेल हेरेपछि छोरीलाई भलिबलमा ल्याउन उनी प्रेरित भए । यस निर्णयले उषाको जीवनको दिशा नै बदलिदियो ।



उषाले १२ वर्षको उमेरमा नेपाल पुलिस क्लबबाट एनभिए कपमा डेब्यु गरिन् । त्यसपछि छोटो समयमा नै उनको नाम राष्ट्रिय टोलीमा समावेश भयो । १४ वर्षको उमेरमा उनले राष्ट्रिय टोलीमा छनोट पाइन् र २०१९ को १३औं दक्षिण एसियाली खेलकुद (साग)मा नेपालको तर्फबाट खेल्दै रजतपदक जितिन् । यो उपलब्धिले उनी नेपाली महिला भलिबलको पहिलो पुस्ताका चम्किला खेलाडीमध्ये एकका रूपमा स्थापित भएकी छन् ।

व्यावसायिक करियरमा पनि उषाले ठुलो छाप छोडेकी छन् । २०२२ मा माल्दिभ्स भलिबल एसोसिएसन कपमा धिवेही सिफाइन्स क्लबबाट खेल्दै उनले आफ्नो क्षमता प्रदर्शन गरिन् । यसअघि पनि फाल्कन क्लब र माल्दिभ्स नेसनल डिफेन्स फोर्सजस्ता क्लबबाट उनले अन्तर्राष्ट्रिय अनुभव सँगालेकी छन् ।

ओपन स्पाइकरको भूमिकामा उनले कोर्टमा आफ्नो प्रभाव छोड्ने मात्र होइन, टोलीको जितमा निर्णायक भूमिका खेल्ने क्षमता राख्छिन् । उनले एनभिए नेसनल च्याम्पियनसिपमा बेस्ट प्लेयरको उपाधि जितेकी छन् उनले सेन्ट्रल जोन च्याम्पियनसिपमा २०१९ र २०२१ मा सफलता प्राप्त गरिन् । उनले २०२३ मा एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डमा पिपुल्स च्वाइस अवार्ड पनि पाएकी छन् । छोटो समयमा नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा नाम कमाएकी उषा नेपाली भलिबललाई विश्व मञ्चमा चिनाउने एक पात्र बनेकी छन् ।

■ पूजा महतो

## मधेशबाट विश्व क्रिकेटसम्म

मधेश प्रदेशको महोत्तरीमा जन्मिएकी पूजा महतोको जीवन संघर्ष र सपना सधैं प्रेरणादायी रहेको छ । परिवारको आर्थिक अवस्था कमजोर थियो । बुबा रञ्जित महतो तरकारी बेचेर परिवार पाल्थे । यता पूजाको खेलप्रतिको मोह अत्यधिक । सानै उमेरमा दिल्ली पुगेर उनले रोहतक रोड जिम्खाना क्रिकेट एकेडेमीमा प्रशिक्षण लिइन् । शुल्क तिर्न नसक्ने भए पनि प्रशिक्षकले उनको प्रतिभा देखेर छात्रवृत्तिको व्यवस्था गरे । यही अवसरले पूजाको यात्रा परिवर्तन गर्‍यो ।



पूजा दायाँ हातकी ब्याटर र मिडियम पेस बलर हुन् । अलराउन्डरका रूपमा उनी छोटो समयमा नै नेपाली महिला क्रिकेटको चम्किलो नाम बनेकी छन् । सन् २०२३ अगस्ट २२ मा हङकङविरुद्ध १७ वर्षको उमेरमा टी-२० अन्तर्राष्ट्रियमा डेब्यु गरेकी उनले तत्पश्चात् लगातार उत्कृष्ट प्रदर्शन गर्दै नेपाल महिला राष्ट्रिय टोलीको उपकप्तानको जिम्मेवारी पाएकी छन् ।

उनको नेतृत्वमा नेपालले यु-१९ महिला विश्वकप छनोटमा सानदार प्रदर्शन गर्‍यो । कुवेतविरुद्धको खेलमा उनले अविजित १ सय ३० रन बनाइन् र ५ विकेट लिएर टोलीलाई जित दिलाइन् । मलेसियाविरुद्धको खेलमा पनि उनले ४ विकेट लिएर प्लेयर अफ द म्याच बनिन् । यी उपलब्धिहरूले उनको कौशल र समर्पणलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्‍यो ।

पूजाको यात्रा केवल खेलमा सीमित छैन । दिल्लीमा सिकेको क्रिकेट र परिवारको अटुट समर्थनले उनलाई मधेशको सानो गाउँदेखि विश्वकपसम्म पुर्‍याएको छ । उनका बुबा र परिवारले गरेको संघर्ष र सन्तोषको साथले उनको सफलतामा महत्वपूर्ण भूमिका खेलेको छ । आज पूजालाई नेपाली महिला क्रिकेटमा 'डायमन्ड'को उपनाम दिइएको छ । उनी ब्याटिङ, बलिङ र कप्तानीमा अब्बल छिन् । उनको खेल प्रदर्शन र नेतृत्वले नेपाली महिला क्रिकेटलाई विश्व मञ्चमा चिनाएको छ र भविष्यमा अझ ठुलो सफलताको आशा जगाएको छ ।

# ३ करोड ७४ लाख ८४ हजार धरौटी बुझाएर छुटे रवि

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, ४ पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने धरौटीमा रिहा भएका छन् । सुप्रिम सहकारी ठगी तथा संगठित अपराधको अभियोगमा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेलाई उच्च अदालत तुलसीपुरको बुटवल इजलासले धरौटीमा छाड्ने आदेश दिएको थियो ।

पुर्पक्षका लागि बुटबल कारागारबाट सरुवा भएर नक्खु कारागारमा रहेका लामिछानेलाई उच्च अदालत बुटवलका न्यायाधीशहरू वासुदेव आचार्य र तेजनारायण पौडेलको इजलासले सुप्रिम सहकारीको ठगी मुद्दामा लामिछानेलाई धरौटीमा छाड्न बिहीबार आदेश दिएको हो । उच्च अदालत बुटवल इजलासकै २०८१ चैत २२ को आदेशले लामिछाने पक्राउ परेका थिए । काठमाडौंबाट पक्राउ परेका उनलाई सुरुमा जिल्ला कारागार भैरहवामा राखिएको थियो । त्यसपछि लामिछाने ललितपुरको नख्खु कारागारमा थिए ।

उनले बिगोबापत २ करोड ७४ लाख ८४ हजार रुपैयाँ बुझाएर निस्किएका हुन् । लामिछानेले सहकारी प्रकरणमा बाहिरै बसेर मुद्दा लड्न पाउनेछन् । रिहाइपछि भैरहवामा रास्वपाका नेता-कार्यकर्तामा खुसीयाली छाएको छ । रिहाइलगत्तै समर्थकलाई संक्षिप्त सम्बोधन गर्दै उनले आफूलाई अनवरत साथ र समर्थन दिएकोमा आभार प्रकट गरे । अहिलेका नेताहरूले देशलाई गरिरहेको अन्यायको तुलनामा आफूलाई गरेको अन्याय ठुलो नभएको टिप्पणी गरे । लामिछानेले भने, 'यिनीहरूले यो देशलाई जति अन्याय गरेका छन्, त्यसको अगाडि मलाई गरेको अन्याय केही पनि होइन । यो सबैको हिसाब गर्नु छ ।



हिसाब मिलाएपछि लामो बोलौंला । हिसाब मिलाउन बाँकी नै छ । न्याय पाउन बाँकी छ । मैले धेरै बोल्न बाँकी छ । सबैलाई यो माया, साथ विश्वास र अनवरत सद्भावका लागि धेरैधेरै धन्यवाद छ । मैले धेरै बोल्ने दिन आउँदै छ ।' उनी चितवन गएर स्थानीय नेताकार्यकर्ता र शुभेच्छुकसँग भेटघाट गर्ने कार्यक्रम रहेको रास्वपा नेता गणेश पराजुलीले बताए । रविसँगै रास्वपाका कार्यवाहक सभापति डिपी अर्याल पनि रहनेछन् । अन्य नेताहरू भने फरकफरक गन्तव्यतिर लागेका छन् । रविकी पत्नी निकिता पनि साथमै छिन् । रवि तत्कालै पार्टीको जिम्मेवारीमा सक्रिय बन्ने नेताहरूले बताएका छन् ।

आदेशमा उल्लेख भएको सर्तअनुसार जिल्ला अदालत रूपन्देहीले २०८१ माघ १३ गते थुनछेक क्रममा माग गरेको धरौटी रकम स्वीकार गरेर उनी बाहिरिएको अधिवक्ताहरूले बताएका छन् । त्यतिबेला रूपन्देहीका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले १ करोड रुपैयाँ धरौटी राख्न आदेश गरेको थियो । त्यस्तै, लामिछानेले पेस गरेको बैंक ग्यारेन्टी २ करोड ७४ लाख ८४ हजार रुपैयाँ बिगो रकम सुरक्षित गर्न भनिएको थियो । उनले व्यक्तिगत वा संस्थागत विदेश यात्रा गर्नुपरे अदालतलाई पूर्वजानकारी गराउनुपर्ने सर्त राखेको छ । चौथोमा सर्तका रूपमा जिल्ला अदालत रूपन्देहीले २०८२ साउन २६ गते भएको आदेश पनि बदर गरेको छ । अदालतले यसअघि जमानत लिन अस्वीकार गरेको थियो । पाँचौंमा भने थप दायित्व सिर्जना गरे बुझाउन मञ्जुर भएको कागज गर्नुपर्ने भनिएको छ । यति सर्तहरू पूरा भएपछि उनलाई अदालतले थुनामुक्त गर्न आदेश गरेको हो ।

**स्वास्थ्य...**

जानकारी गराइन्छ ।' साबिकमा परीक्षण शुल्क ६ हजार ५ सय रुपैयाँ थियो । स्वास्थ्य परीक्षण शुल्क बढी भएको भन्दै संघ अध्यक्ष भुवनसिंह गुरुङले शुक्रबार मन्त्रालयमा आयोजित कार्यक्रममा घटाउन माग गरेका थिए ।

वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने मेडिकल संस्थाहरूले ३४ प्रकारको स्वास्थ्य परीक्षण गर्दा सरकारी अस्पतालमा नै १२ हजार लाग्ने अवस्थामा ९ हजार ५ सय कायम गर्नु समयसापेक्ष रहेको बताउँदै आएका थिए ।

**पैसा...**

'त्यहाँ राम्रो घरमा काम पाउनु भनेको निकै भाग्यको कुरा हो, त्यस्तै भाग्मानी रहेछु म । मैले काम पाएको घरका मान्छे निकै मनकारी रहेछन्,' अधिकारीले स्मरण गर्दै भनिन्, 'काम भने धेरै गर्नुपर्थ्यो । २४सै घण्टा काममा खट्नुपर्ने अवस्थासमेत आउने ।'

अचेल अधिकारीलाई त्यति समय नेपालमै श्रम बगाएको भए पनि धेरै आर्थिक लाभ हुने रहेछ भन्ने लागिरहेको छ । 'वैदेशिक रोजगारीमा जानु हामीजस्ता महिलाका लागि रहरभन्दा पनि बाध्यता नै हो । विदेश गएर दुई चार पैसा ल्याई बस्ने बास र छोराछोरी पढाउने आशमा विदेशिनुपर्ने अवस्थाका कति छन् कति,' उनी भन्छिन् ।

त्यही बाध्यता अधिकारीलाई पनि थियो, त्यसैले त साढे १० वर्षसम्म छोराछोरी पढाउनकै लागि चाहेर पनि उनी स्वदेश फिर्कन पाइनन् । 'घर आउने चाहना कसलाई हुँदैन र ? छोराछोरी काखमा च्याप्ने रहर त थियो नि मलाई पनि,' उनी भन्छिन्, 'तर के गर्नु आउँदा जाँदा खर्च लाग्छ भनेर मन बाधेर बस्थें । त्यसो गर्दा गर्दै साढे १० वर्ष कुवेतमा श्रम बगाएँ ।'

